धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी,

## नगर कार्यपालिका वैठक, वैठक संख्या ०३/०८१/०८२

आज मिति २०८१ साल भाद्र १८ गते, मंगलबार दिनको २:०० बजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाकोवैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

उपस्थितीः

| क.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम बेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्रीयज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन बहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्रीनरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री भुपेन्द्र राई | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| कस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

मिति २०८१/०५/१८ गते धरान उपमहानगरपालिका नगर कार्यपालिकाको बैठकमा भएका छलफल र निर्णय हुन भएका विषयहरुः

१. बैठकको गणपुरक संख्या सम्बन्धमा।

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा......जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा।

यस अघि मिति २०८१/०४/०६ गते बसेको कार्यपालिकाको बैठकमा जम्मा ३ वटा निर्णयार्थ पेश भएका थिए। उक्त पेश भएका निर्णयार्थ केहि कार्यान्वियन भएको र केहि कार्यान्वियनको चरणमा रहेको बैठकमा जानकारी भयो।

३. करार कर्मचारी व्यवस्थापनका लागि आयोजना स्वीकृत गर्ने सम्बन्धमा।

यही आ.ब. २०८१/०८२ श्रावण १ देखि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम, अव्यवस्थित वस्तीहरुमा घर नं. वितरण (सुकुम्वासी व्यवस्थापन) कार्यक्रम, शहरी स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रबर्द्धन केन्द्र र आधारभुत स्वास्थ्य सेवा केन्द्र सञ्चालन कार्यक्रमका लागि जनशक्ति व्यवस्थापन गर्न यस कार्यालयमा करार सेवामा अविच्छिन्न रुपमा सेवारत कार्यरत कम्प्युटर अपरेटर, सहायक कम्प्युटर अपरेटरहरु, स्वास्थ्यकर्मी लगायत प्राविधिक कर्मचारीहरुको सेवा निरन्तरता साथै उल्लेखित कार्यहरु सम्पादन गर्नका लागि(उल्लेखित कार्यहरु सम्पादन २०८१ श्रावण १ गतेबाट निज कर्मचारीहरुबाट नै भईरहेको) स्थानीय सरकारी सेवाको गठन सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनको दफा ६ को (५) बमोजिम धरान उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री भुपेन्द्र राईको संयोजकत्वमा गठन भएको समितिबाट पेश गरिएको प्रतिवेदन स्वीकृत गरियो। उक्त प्रतिवेदन प्रमाणित गरी पछाडी पानामा टाँस गरिएको छ। साथै उल्लेखित आयोजनामा कार्यरत कर्मचारीहरुको तलब भत्ता चालु आर्थिक बर्षको विनियोजित बजेटको सम्बन्धित खर्च शिर्षकहरु बाटै गर्ने निर्णय गरियो। साथै धरान उपमहानगरपालिकाको स्वीकृत बजेट भित्र रहि वडाको आवश्यकताको आधारमा वडाबाट नियुक्ति गरिएको कर्मचारीहरु व्यवस्थापन गर्ने निर्णय गरियो।

४. संगठन संरचना तथा दरबन्दी सम्बन्धमा।

स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (प्रदेश राजपत्र कोशी प्रदेश द्वारा प्रकाशीत) परिच्छेद ३ दफा ६ बमोजिम संगठन संरचना वा दरबन्दी पुनरावलोकन वा हेरफेर गर्न मिति २०८१।०३।२७ गतेको प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सिफारिस समिति गठन भई उक्त सिफारिस समितिबाट पेश गरेको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको विस्तृत अध्ययन पश्चात सो विषयमा आगामी कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्ने निर्णय गरियो।

५. २०८१/०८२ को नगर दररेट सम्बन्धमा।

धरान उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७२ को दफा १५८ को उपदफा १ बमोजिम गठित दररेट निर्धारण समितिबाट सिफारिस भई आएको आ.व. २०८१/०८२ को लागि धरान उपमहानगरपालिका क्षेत्रभर लागू हुने गरी निर्माण सामग्री र ढुवानीको दररेट, मेशिन तथा उपकरणको भाडा र कामदारको ज्याला समावेश भएको नगर दररेट उक्त नियमावलीको दफा १५८ को उपदफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत हुनु पर्नेमा समयमा कार्यपालिका बैठक वस्न नसकेको र विपद्जन्य आकस्मिक निर्माण कार्य गर्नुपर्ने भएकोले मिति २०८१/०४/२२ गते भएको नगर प्रमुख स्तरीय निर्णय आजको बैठकबाट अनुमोदन गर्ने निर्णय गरियो। स्वीकृत दररेट छुट्टै प्रमाणित गरी राखिएको छ।

६. निजी बाटो सम्बन्धमा।

यस धरान उपमहानगरपालिकाको मिति २०७५।१२।०८ गतेको कार्यपालिका बैठकको निर्णय नं. २ मा मुखको एक कित्ता भन्दा भित्री जग्गा भए भन्ने शब्द हटाई जतिसुकै कित्ता भित्र भएतापनि उल्लेखित निजी बाटोको लम्बाईको आधारमा भवन नक्सा पास गर्ने निर्णय गरियो।

७. खानेपानी मुहान उपयोग अनुमति सम्बन्धमा।

यस उपमहानगरपालिकाबाट स्वीकृत भइ लागू भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुले मुहान उपभोगको अनुमतिका लागि निवेदन पेश गरेका र खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७ अनुसार गठन भएको मुहान उपयोग सिफारिस समितिले उक्त क्षेत्रको स्थलगत अनुगमन गरी सिफारिस गरे बमोजिमका तपसिलका उपभोक्ता समितिहरुलाई तपसिलका मुहान उमयोग गर्न अनुमति प्रदान गर्ने।

| क्रस | खानेपानी तथा सरसफाई उपभोक्ता समितिको नाम | ठेगाना |
|---|---|---|

| | | |
|---|---|---|
| १ | कोकाहा छिपछिपे सिमसार खानेपानी सरसफाई तथा उपभोक्ता व्यवस्थापन समिति (कोकाह, छिपछिपे र सिमसार मुहान) | धरान-२० |
| २ | काम्फेक खानेपानी तथा सरसफाई उपभोक्ता समिति धरान-४ ले प्रयोग गरिरहेको धरान - ४ पहरे खोल्सी | धरान-४ |
| ३ | ढाँडे तेलनपुर खानेपानी उपभोक्ता समिति धरान-४ ले प्रयोग गर्ने धरान-४ को आर्खोट खोला र अकानी खोप मुहान | धरान-४ |

८. **भारतीय राजदुतावासको आर्थिक सहयोगमा कार्यान्वयन गर्ने (HICDPS) कार्यक्रममा योजना छनौट गर्ने सम्बन्धमा।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१।०३।०५ को पत्रानुसार भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाका लागि आयोजना प्रस्ताव पेश गर्न सकिने व्यहोरा उल्लेख भएकोले संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्र एवम् "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०"को अधिनमा रही पत्रको बुदाँ नं. ३ मा उल्लेख भएबमोजिम कुल आयोजना लागतको दश प्रतिशत धरान उपमहानगरपालिकाले लागत सहभागिता जनाउने गरी देहाय बमोजिमका आयोजना प्रस्ताव गर्ने निर्णय मिति २०८१/४/२३ गते भएको नगर प्रमुख स्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो।

| क.सं. | आयोजनाको विवरण | लागतअनुमान (रु.) | धरानउपमनपाको लागत सहभागिता (रु.) |
|---|---|---|---|
| १ | धरान-८ स्थित त्रि.वि.वि., ईन्जिनियरिङ्ग अध्ययन संस्थान, पूर्वाञ्चल क्याम्पसको हाताभित्र महिला छात्रावास निर्माण | १९,०४,५५,५९०।७८ | १,९०,४५,५५९।०७ |
| २ | धरान-१४ स्थित त्रि.वि.वि., केन्द्रिय प्रविधि क्याम्पस, हात्तिसारको हाताभित्र पुस्तकालय निर्माण | ६,४४,०२,२६०।८७ | ६४,४०,२२६।०८ |
| ३ | धरान-१२ स्थित श्री पब्लिकहाई स्कुलको हाताभित्र भवन निर्माण, फर्निचर, स्कूल बस तथा कम्प्युटर ल्याबनिर्माण | १९,९९,२७,६३३।२५ | १,९९,९२,७६३।३२ |
| ४ | धरान-१३ स्थित श्री अमर आधारभूत विद्यालयको हाताभित्र भवन निर्माण | ६,५५,४१,४१८।५३ | ६५,५४,१४१।८५ |

९. **कर्मचारीको तहबृद्धि सम्बन्धमा।**

मिति २०८१।०२।२३ गते कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन २०८० को दफा २७ तथा सोहि ऐनको दफा ४ को उपदफा ५ बमोजिम तहबृद्धिका लागि निवेदन पेश गरेका कर्मचारीहरुको गत आ.ब. ३(तिन) वर्षको (आ.ब. २०७७/०७८, २०७८/०७९ र २०७९/८०) को कार्यसम्पादन मूल्यांकनको नतिजाका साथै रित पुगेका निवेदकहरुले पेश गरेका कागजातको आधारमा मिति २०८१।०४।१४ गतेको सिफारिस समितिको निर्णयबाट तहबृद्धिका लागि सिफारिस गरेका तपसिल बमोजिमका कर्मचारीहरुको तहबृद्धि गर्ने निर्णय गरियो।

| क.सं. | नाम, थर | हालको पद, तह | तहबृद्धि भई कायम हुने तह | कैफियत |
|---|---|---|---|---|
| १ | गंगादेवी खापुङ्ग | स.म.वि.नि.,पाचौं | छैटौं | |
| २ | रविना कार्की | कृषि प्राविधिक, पाचौं | छैटौं | |
| ३ | लक्ष्मी दियाली वि.क. | सि.अ.न.मि., पाचौ | छैटौं | |
| ४ | मिना विश्वकर्मा | अ.हे.ब., पाचौं | छैटौं | |
| ५ | हिरा मगर | सि.अ.हे.व., पाचौं | छैटौं | |
| ६ | डम्बरकुमारी कार्की | अ.नि.मि., चौथो | पाचौं | |

१०. **भानुचोक वरिपरी मर्मत कार्यको भेरियसन आदेश स्वीकृत गर्ने सम्बन्धमा।**

धरान-२ स्थित भानुचोक वरिपरी मर्मत गर्ने कार्यको मिति २०८१।०१।१४ को निर्णयानुसार श्री पूर्णलक्ष्मी निर्माण सेवाबाट मर्मत कार्य भईरहेकोमा भानुचोक जस्तो व्यस्त स्थानमा ढलाई गरी धैरै समयसम्म यातायात आवागमन रोक्न समस्या देखिएकोले कुल लागत अनुमानको २५.०८% घटी हुने गरी मिति २०८०।१२।१ मा स्वीकृत भएको भेरिएसन आदेश अनुमोदन गर्ने निर्णय गरियो।

- शुरुको लागत अनुमानः रु. ८,५०,४२५।८५

- भेरिएसन आदेश पछि कायम हुन आउने लागत अनुमान: रु. ६,३७,१८२।२५

१। **मदन भण्डारी राजमार्गको मापदण्ड सम्बन्धमा।**
नेपाल सरकारबाट प्रकाशित नेपाल राजपत्र खण्ड ६५ काठमाडौं, चैत्र २९ गते, २०७२ साल (संख्या ५३) अनुसार धरान-चतरा-गाईघाट सडकलाई सहायक राजमार्ग तोकी उक्त सडकको केन्द्र रेखादेखि दायाँ बायाँ दुबैतिर पन्ध्र/पन्ध्र मिटर गरी कुल ३०(तिस) मिटर सडक सिमा कायम गरेकाले धरान उपमहानगरपालिका भित्र पर्ने पटनाली देखि पानवारीसम्म उक्त सडकको मापदण्ड सोहि राखि भवन नक्सा पास गर्ने निर्णय गरियो।

२. **जानकारी सम्बन्धमा।**
यस धरान उपमहानगरपालिकाको नगर प्रमुख श्री हर्कराज राईज्यू धरान समाज युकेको निमन्त्रणामा भिसा आएपछि १५ दिनका लागि बेलायत प्रस्थान गर्नुहुने भएकाले उक्त विषय आजको बैठकमा जानकारी गराइयो।

३. **ट्याक्टर खरिद सम्बन्धमा।**
धरान उपमहानगरपालिका क्षेत्र भित्रको फोहोर मैला व्यवस्थापन गर्नका लागि हाल नगरमा भएको फोहोर मैला ढुवानी गर्ने ट्याक्टरको संख्या कमी भएको कारण नगरमा समयमै फोहोर मैला व्यवस्थापन गर्न नस्कदा स्थानीयवासीहरुबाट गुनासो आएकोले फोहोरमैलालाई समयमै व्यवस्थापन गर्नका लागि फोहोर उठाउने ट्याक्टर खरिद गर्ने निर्णय गरियो

।४. **पालिका गान सम्बन्धमा।**
यस धरान उपमहानगरपालिकाको शिक्षा स्वास्थ्य पर्यटन तथा व्यापारी पूर्वाधार, बहुसंस्कृतिक आवसीय समृद्ध शहर भन्ने मुल नारा सहित ऐतिहासिक, संस्कृतिक, धार्मिक, सामाजिक, आर्थिक, श्रम संस्कृति लगायतका विशिष्टता र मौलिकता झल्कने पालिका गान रचना गरी पेश गर्नका लागि राष्ट्रिय स्तरको पत्रपत्रिकामा १५ दिने सूचना प्रकाशित गर्ने र प्राप्त रचनाहरु मध्ये उत्कृष्ठ रचना छनौटका लागि तपसिलका विज्ञ सदस्यीय समिति गठन गरी उक्त समितिबाट पालिका गानका लागि पेश भएको रचनाहरु मध्ये उत्कृष्ठ रचना भएको पालिका गान छनौट गर्ने निर्णय गरियो।

**तपिसल**

क. डा. टंक न्यौपाने
ख. डा. गोपाल भण्डारी
ग. प्रा.डा. गोविन्द तुम्बाहाम्फे
घ. डा. राजेन्द्र शर्मा
ङ. प्रा. अम्बिका तुम्बाहाम्फे
च. श्री गोकुल प्रसाद श्रेष्ठ
छ. श्री कुन्ता शर्मा

१५. **बिदा अनुमोदन सम्बन्धमा।**
नेवार समुदायहरुले मनाउँने गाईजात्रा/सापारु पर्वको अवसरमा नेवार समुदायहरुको भाषा, कला संस्कृतिको सम्मान गर्दै
मिति २०८१/०५/०४ गतेको नगर प्रमुख स्तरीय निर्णय अनुसार मिति २०८१/०५/०४ गते विदा दिइएको साथै मिति
२०८१/०५/१३ गते विहिबार विद्यालयबाट घर फर्कदै गरेका भिक्टोरी स्कुलका कक्षा ९ मा अध्ययनरत विद्यार्थी १४
वर्षीय रोशन लिम्बुको धरान-११ स्थित ऐश्वर्य मार्गमा ड्रेन तर्ने क्रममा अबिरल बर्षाको कारण बाढीमा परी बगाएर मृत्यु
भएकोले मिति २०८१/०५/१४ गतेको नगर प्रमुख स्तरीय निर्णयानुसार मिति २०८१/०५/१४ गते शुक्रवार १(एक)
दिन धरान स्थित विद्यालयहरु विदा दिइएको हुँदा उल्लेखित दुबै विदाहरु आजको बैठकबाट अनुमोदन गर्ने। साथै भाद्र ११
गते वडा नं. ३ निवासी स्व. युजिन शाहीको अप्रत्याशित घटनाबाट ज्यान गएको हुँदा मृतक विद्यार्थीको चीर शान्तिको
कामना गर्दै शोकाकुल परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति मिलोस् भन्ने कामनाका साथ मिति २०८१/०५/२० गते,
विहिबार धरान स्थित सामुदायिक तथा संस्थागत विद्यालयहरु विदा दिने निर्णय गर्ने गरियो। साथै आजको यस कार्यपालिका
बैठकमा मृतकहरुको चीर शान्तिको कामनाका साथ १ मिनेट मौन धारण गरियो।

१६. **विविध**

क. **बाटो मापदण्ड तथा नामकरण सम्बन्धमा।**
धरान उपमहानगरपालिका क्षेत्र भित्र रहेका विभिन्न बाटोहरुको नामकरण तथा मापदण्ड निर्धारण विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरी विभिन्न मितिहरुमा नगर प्रमुख स्तरीय निर्णयबाट स्वीकृत भई आजको बैठकमा पेश भएको

बाटोको नामकरण तथा मापदण्ड अनुमोदन गर्ने निर्णय गरियो। उक्त बाटोको मापदण्ड, नामकरण पछाडि पानामा टाँस गरी प्रमाणित गरिएको छ।

ख. <u>साबुन तथा बेसार उद्योग दर्ता प्रक्रिया सम्बन्धमा।</u>

आ.व.२०८०/०८१ को नगर सभाबाट पारित नीति तथा कार्यक्रमहरु मध्ये बेसार तथा साबुन उद्योग स्थापना तथा सञ्चालन गर्ने कार्यक्रम अनुसार धरान-२० को बिष्णुपादुका छेउमा बेसार उद्योग र धरान-२० सर्दु खोला किनारमा साबुन उद्योग स्थापनाका लागि नगरपालिकाबाट वजेट विनियोजन भई योजना तथा इन्जिनियरिङ्ग महाशाखाबाट लागत स्टिमेट तयारी तथा स्वीकृत भई उपभोक्ता समिति मार्फत भवनहरु निर्माण भई सकेकोले उक्त उद्योग सञ्चलान तथा व्यवस्थापन सम्बन्धमा चालु आर्थिक वर्षमा कोशी प्रदेश सरकारबाट साबुन उद्योगका लागि यन्त्र उपकरण खरिद शिर्षकमा वजेट सशर्त अनुदान प्राप्त भएको साथै धरान उपमहानगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा समेत वजेट विनियोजन भएकाले उद्योग स्थापना तथा सञ्चालन प्रक्रियाका लागि प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ बमोजिम घरेलु तथा साना उद्योगको कार्यालयमा साबुन तथा बेसार उद्योग दर्ता गर्ने प्रक्रिया अगाडि बढाउने निर्णय गरियो।

ग. <u>खर्च अनुमोदन तथा भुक्तानी सम्बन्धमा।</u>

मिति २०८१।०३।१० गते सैनिक भवन धरान-१० तथा २०८१।०४।०७ गते वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको अडिटोरियम हलमा भएको यस धरान उपमहानगरपालिकाको १५ औं नगर सभा विविध कारणवस हुन नसकेको हुँदा उक्त सभामा चिया, खाजा, टेंन्ट, साउण्ड सिस्टम वापत खर्च भइ भुक्तानी दिइ सकेको रकम रु. ८२,०००/- अनुमोदन गर्ने तथा दिन बाँकि विल बमोजिमको रकम रु. ९४,०००/- भुक्तानी दिने निर्णय गर्ने।

घ. <u>आर्थिक सहयोग सम्बन्धमा।</u>

- भाद्र ११ गते वडा नं. ३ मा भएको अप्रत्याशित घटनाबाट ज्यान गएका धरान-३ निवासी विद्यार्थी स्व. युजिन शाहीको परिवारलाई नगर प्रमुख कोषबाट रु. ५ लाख उपलब्ध गराउँने।
- भाद्र १३ गते धरान-११ स्थित ऐश्वर्य मार्गमा ड्रेन तर्ने क्रममा अबिरल बर्षाको कारण उक्त बाढीमा परी बगाएर मृत्यु भएका विद्यार्थी स्व. रोशन लिम्बुको परिवारलाई नगर प्रमुख कोषबाट रु. ५ लाख उपलब्ध गराउँने।
- विशाल मंग्राती सार्की, धरान-८, जिब्रोको क्यान्सर भई उपचार भइरहेको उपचार सहयोग रु. ५००००/-
- तिर्सना कुलुङ राई, धरान-५, गोठमा आगलागी भइ क्षती भएकोले आर्थिक सहयोग रु. ३००००/-
- सुशिला पौडेल, धरान-६, विरामी भइ उपचार सहयोग रु. ३००००/-
- दिनेश पिठाकोटी मगर, धरान-१६, क्यान्सर रोग लागि उपचार सहयोग रु. ५००००/-

# धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता, व्यवस्थापन सूचना प्रणाली, सुदृढिकरण कार्यक्रम तथा अन्य अस्थायी दरबन्दी सिफारिस समितिले नगर प्रमुख समक्ष पेश गरेको प्रतिवेदन

<u>प्रतिवेदकः</u>

भूपेन्द्र राई - संयोजक

गणेश प्रसाद खतिवडा - सदस्य

जनार्दन कोइराला - सदस्य

धरान उपमहानगरपालिका,सुनसरी

२०८१/४/१७

## बियष सुची


नगर प्रमुख समक्ष प्रतिवेद पेश गर्ने सम्बन्धको पत्र

प्रस्तावना

१. धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम

- १.१ कार्यक्रमको पृष्ठभूमि
- १.२ कार्यक्रमको उद्देश्य
- १.३ जनशक्ति व्यवस्थापन
- १.४ स्रोत व्यवस्थापन
- १.५ उपलब्धी
- १.६ कार्यक्रमको अवधी

२. अव्यवस्थित बस्तीहरुमा घर नं वितरण (सुकुम्बासी व्यवस्थापन) कार्यक्रम

- २.१ कार्यक्रमको पृष्ठभूमि
- २.२ कार्यक्रमको उद्देश्य
- २.३ जनशक्ति व्यवस्थापन
- २.४ स्रोत व्यवस्थापन
- २.५ उपलब्धी
- २.६ कार्यक्रमको अवधी

३. धरान उपमहानरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र,शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वास्थ्य केन्द्र संचालन कार्यक्रम

- ३.१ कार्यक्रमको पृष्ठभूमि
- ३.२ कार्यक्रमको उद्देश्य
- ३.३ जनशक्ति व्यवस्थापन
- ३.४ स्रोत व्यवस्थापन
- ३.५ उपलब्धी
- ३.६ कार्यक्रमको अवधी

४. कार्यक्रमका(१, २ र ३)का लागि आवश्यक पर्ने जनशक्ति तथा अनुमानित बजेट

५. **अनुसूचीहरु**

करार सम्झौताको ढाँचा

कार्यपालिकाको समिति गठनको निर्णय

संयोजक एवं सदस्यहरुको जिम्मेवारी

समितिको वैठकको निर्णयको प्रतिलिपि

प्रशासन महाशाखालाइ पत्राचार

प्रशासन महाशाखाबाट प्राप्त पत्र

## प्रस्तावना

धरान उपमहानगरपालिकामा आ. व. २०८०/८१ मा अविछिन्न रुपमा अस्थाइ/करार दरबन्दीमा विभिन्न सेवा समुहमा सेवा करार मार्फत कार्यसम्पादन भएको र चालु आ. व. २०८१/८२ मा समेत त्यस प्रकारका सेवा आवश्यक पर्ने हुँदा त्यस्ता सेवा करार गरेका व्यक्तिहरुबाट सेवा लिने उपयुक्त हुने भएकोले मिल्दो जुल्दो सेवा समूहरुको उपयुक्त कार्यक्रम तयार गरी स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ६ (४) र ६ (५) बमोजिमको अस्थाइ प्रकृतिको आयोजना एवं दरबन्दी जनशक्तिको किसिम र संख्या सिफारिस गर्न मिति २०८१/३/३० गतेको कार्यापालिकाको निर्णयनुसारको समितिले **धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम, अव्यवस्थित बस्तीहरुमा घर नं वितरण (सुकम्बासी व्यवस्थापन) कार्यक्रम र धरान उपमहानगरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वस्थ्य केन्द्र संचालन कार्यक्रम** वान्छनिय भएकाले

### १. धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम

#### १.१ कार्यक्रमको पृष्ठभूमि

राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले "व्यक्तिगत घटनादर्ता" कार्य साथै नेपाल सरकारका अत्यन्त लोकप्रिय दुईठूला कार्यक्रमहरुसामाजिक सुरक्षाअन्तर्गत "नगद प्रवाह" र व्यक्तिहरुको डिजिटल पहिचान (Digital Identity) स्थापना गर्ने बहुउपयोगी "राष्ट्रिय परिचयपत्र" वितरण कार्यको जिम्मेवारी सम्हाल्दै आएको छ । यस कार्यलाई राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ सामाजिक सुरक्षा ऐन, २०७५ सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यविधि, २०७७ विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणालीसुदृढीकरण आयोजना सञ्चालन निर्देशिका, २०७६सेवा इकाईका कर्मचारी छनौट सम्बन्धी मापदण्ड, २०७६मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४बालबालिका सम्बन्धी ऐन २०७५ले दिएको अधिकारलाई कार्यान्वयन गर्न धरान उपमहानगरपालिकाका प्रत्येक वडा कार्यालयहरुमा स्थानीय पन्जिकाधिकारीको व्यवस्था भई कार्य भैरहेको छ । यस क्रममा व्यक्तिगत घटना दर्तालाई डिजिटाइजेसनको कार्य बाँकी रहेको साथै हाल प्रयोगमा रहेको VERSP-MIS प्रयोगमा ल्याई सेवा प्रवाह गरिरहेको अवस्था छ । साथै संघीय सरकारले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणाली कार्यलाई क्रमश स्थानीय तहमा हस्तान्तरण गर्दै जिम्मेवार बनाउदै गई रहेकोले उल्लेखित प्रणालीलाई सुदृढ बनाउन र सामाजिक सुरक्षा भत्ता प्रणालीलाई**बायोमेट्रिक प्रणालीमा** आबद्ध गर्ने सम्बन्धी कार्यका लागि थप स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन गर्न आवश्यक भएकोले साथै धरानवासी नागरिकहरुको पहिचान र हितमा सञ्चालित कार्यक्रमहरु जस्तै स्वस्थ उपचार सुविधा लगायत विभिन्न अन्य सामाजिक सुरक्षासँग सम्बन्धित आ–आफ्नै किसिमले सञ्चालन भईआएका कार्यक्रमहरु एकीकृत विवरण तयार गर्न आवश्यक छ ।

#### १.२ कार्यक्रमको उद्देश्य

- धरान उपमहानगरपालिकाको सामाजिकसुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण गर्नु,

- व्यक्तिगत घटना दर्ता किताब अभिलेखलाई डिजिटाइजेसन गर्नु,
- नागर तथा वडा कार्यालयहरुबाट प्रवाह हुने सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवालाई प्रविधिमैत्री बनाई विद्युतीय शासनलाई प्रवर्द्धन गर्नु,
- सामाजिक सुरक्षा भत्ता नविकरण तथा नया दर्ता प्रकृयामा बायोमेट्रिक प्रणाली मार्फत अध्यावधिक गर्नु,
- सामाजिक सुरक्षा र पञ्जिकरण सम्बन्धी जनचेतना फैलाउनु ।

**१.३ जनशक्ति व्यवस्थापन**

- जनसंख्या बढी भएका वडाहरुमा १/१ जनाका दरले र अन्य वडामा आवश्यकताका आधारमा महाशाखाले आलोपालो पद्धतिमा १/१ जनाका दरले सूचना प्रविधि सहायकको व्यवस्था गर्ने,
- नागरपालिका अन्तर्गत सेवा इकाईमा १ एम.आइ.एस. अपरेटर र १ जना फिल्ड सहायक,व्यवस्था गर्ने।

जनशक्ति व्यवस्थापन प्रकृया

- धरान उपमहानगरपालिकाको कार्यालयमा आ. व. २०८०/०८१ मा अविछिन्न रुपमा कार्यरत कम्प्यटर अपरेटर र सहायक कम्प्युटर अपरेटरहरुबाट शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्रका प्रतिलिपी, निवेदक स्वयमबाट प्रमाणित गरि सूचना प्रविधि सहायक पदमा रहि सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम सेवा निरन्तरताका लागि धरान उपमहानरपालिका समक्ष निवेदन साथ पेश गर्नुपर्ने ।
- आवश्यकता अनुसार निवेदक निवेदकको निवेदन साथै संलग्न कागजातहरु एवं आ.व. मा कार्यरत महाशाखा/ शाखा/ वडा कार्यालय सँग निजको कार्यसम्पादन स्तर निम्न, मध्यम, उत्तम, अतिउत्तम के-कस्तो रहेको समेत बुझि उत्तम वा अतिउत्तम कार्यसम्पादन स्तर भएका कर्मचारिहरुलाई प्रमुख प्रशासकीय अधिकृतले सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रममा सूचना प्रविधि सहायकको रुपमा सेवा करार गर्न सक्नेछयस प्रकृयाबाट अपुग भएका कर्मचारीहरु पुष्ट्याइको आधारमा प्रचलित नियमानुसार करार गरिनेछ ।
- करार सम्झौता अनुसुचीमा संलग्न रहेको छ ।

**१.४ स्रोत व्यवस्थापन**

- धरान उपमहानगरपालिकाको आन्तरिक स्रोत,
- संघबाट प्राप्त हुने सशर्त बजेट।

**१.५ उपलब्धी**

- प्रत्येक वडा कार्यालय र नगरपालिकाको सेवा केन्द्र बाट सामाजिक सुरक्षा र पञ्जिकरण सम्बन्धित सेवा संचालन हुनेछ ।
- व्यक्तिगत घटना दर्ता अभिलेख किताब डिजिटाइजेसन हुनेछ।
- सेवाग्राहीले वडा कार्यालयको समन्वयमा गाउ टोलबाट राष्ट्रिय परिचयपत्र सँग सम्बन्धित जानकारी साथै सामाजिक सुरक्षा र पञ्जिकरण सेवा प्राप्त गर्नेछन् ।
- सामाजिक सुरक्षा भत्ता नविकरण र नयाँ दर्ता बायोमेट्रिक प्रणालीमा आधारित हुनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण भएको हुनेछ ।

**१.६ कार्यक्रम अवधी**

- सूचना प्रविधि सहायकको आ.व. २०८१/०८२ सम्म ।

- एम.आइ.एस. अपरेटरको राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागको परिपत्र/समन्वय बमोजिम हुनेछ।

## २: अव्यवस्थित बस्तीहरुमा घर नं वितरण (सुकुम्बासी व्यवस्थापन) कार्यक्रम

### २.१ कार्यक्रमको पृष्ठभूमि

धरान उपमहानरपालिका भित्र रहेका अव्यवस्थित बस्तीहरुमा रहेका/बनेका घरहरुलाई करको दायरामा ल्याउनको लागि तीनको व्यवस्थित अभिलेखिकरण गरी शहरी सेवा सुविधा वितरण प्रणालीलाई अनुमानयोग्य बनाउन एवं नियमानुसार मात्र संरचना बनाउन पाउने कानुनी प्रावधानलाई कार्यान्वयन गर्न आवश्यक भएकोले ।

### २.२ कार्यक्रमको उद्देश्य

- अव्यवस्थित बस्तीहरुमा रहेका/ बनेका संरचनाको पहिचान गर्ने साथै तथ्याकं संकलन गर्ने
- अव्यवस्थित संरचनाहरुको अभिलेकिकरण गर्ने
- अव्यवस्थित संरचनाहरुलाई करको दायरामा ल्याउने
- भवन संरचना निर्माण सम्बन्धि कानुनको पालना गराउने

### २.३ जनशक्ति व्यवस्थापन

धरान उपमहानगरपालिकाको कार्यालयमा आ.व. २०८०/०८१ मा अविछिन्न रुपमा कार्यरत असिस्टेन्ट सब इन्जिनियर र अमिनहरुबाट शैक्षिक योग्यताको प्रमाणत्र, नेपाली नागरिकताको प्रमाणपत्र, अनुभवको प्रमाणपत्रका प्रतिलिपी, निवेदक स्वयमबाट प्रमाणित गरि अव्यवस्थित बस्तीहरुमा घर नं वितरण (सुकुम्बासी व्यवस्थापन) कार्यक्रममा सेवा निरन्तरताका लागि धरान उपमहानरपालिका समक्ष निवेदन साथ पेश गर्नुपर्ने ।

- आवश्यकता अनुसार निवेदकको निवेदन साथै संलग्न कागजातहरु एवं आ.व.मा कार्यरत महाशाखा/ शखा/ वडा कार्यालय सँग निजको कार्यसम्पादन स्तर निम्न, मध्यम, उत्तम, अतिउत्तम के-कस्तो रहेको समेत बुझि उत्तम वा अतिउत्तम कार्यसम्पादन स्तर भएका कर्मचारिहरुलाई प्रमुख प्रशासकीय अधिकृतले अव्यवस्थित बस्तीहरुमा घर नं वितरण (सुकुम्बासी व्यवस्थापन) कार्यक्रमको आवश्यक संख्या र पदमासेवा करार गर्न सक्नेछयस प्रकृयाबाट अपुग भएका कर्मचारीहरु पुष्टयाइको आधारमा प्रचलित नियमानुसार करार गरिनेछ ।
- करार सम्झौता कार्यक्रम संचालन गर्ने महाशाखाले तयार गरे बमोजिम करार सम्झौता हुनेछ ।

### २.४ स्रोत व्यवस्थापन

- धरान उपमहानगरपालिकाको आन्तरिक स्रोत,

### २.५ उपलब्धी

- अव्यवस्थित बस्तीहरुमा रहेका/बनेका संरचनाको पहिचान भएको हुनेछ ।
- अव्यवस्थित संरचनाहरुको अभिलेकिकरण गरिनेछ ।
- अव्यवस्थित संरचनाहरुलाई करको दायरामा ल्याइनेछ ।
- भवन संरचना निर्माण सम्बन्धि कानुनको पालना गराइनेछ ।

### २.६ कार्यक्रम अवधी

- यो कार्यक्रमको अवधि आ.व. २०८१/०८२ हुनेछ।

## ३. धरान उपमहानरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वास्थ्य केन्द्र संचालन कार्यक्रम

### ३.१ कार्यक्रमको पृष्ठभूमि

धरान उपमहानरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वास्थ्य केन्द्र संचालन गरिं नागरिकको आधारभूत स्वास्थ्य सेवा पाउने हकको कार्यान्वन गर्न आवश्यक भएकोले ।

### ३.२ कार्यक्रमको उद्देश्य

- हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुलाई निरन्तरता दिई आधारभूत स्वास्थ्य सेवाको सुनिश्चित गर्नु

### ३.३ जनशक्ति व्यवस्थापन

- धरान उपमहानगरपालिकाको कार्यालयमा आ.व. २०८०/०८१ मा अविछिन्न रुपमा स्वस्थ्य सेवा एव प्रशासन सेवा अन्तर्गत तेस्रो, चौथो, पाँचौ एवं सो भन्दा माथिल्लो पद तथा तहहरुमा कार्यरत कर्मचारीहरुबाट शैक्षिक योग्यताको प्रमाणत्र, नेपाली नागरिकताको प्रमाणपत्र,अनुभवको प्रमाणपत्रका प्रतिलिपी,निवेदक स्वयमबाट प्रमाणित गरि धरान उपमहानरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वास्थ्य केन्द्र संचालनकार्यक्रममा सेवा निरन्तरताका लागि धरान उपमहानरपालिका समक्ष निवेदन साथ पेश गर्नुपर्ने।
- आवश्यकता अनुसार निवेदकको निवेदन साथै संलग्न कागजातहरु एवं आ.व. मा कार्यरत महाशाखा/ शाखा/ वडा कार्यालय सँग निजको कार्यसम्पादन स्तर निम्न, मध्यम, उत्तम, अतिउत्तम के-कस्तो रहेको समेत बुझि उत्तम वा अतिउत्तम कार्यसम्पादन स्तर भएका कर्मचारिहरुलाई प्रमुख प्रशासकीय अधिकृतले धरान उपमहानरपालिका अन्तर्गत आधारभूत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र एवं शहरी स्वास्थ्य केन्द्र संचालन कार्यक्रमको लागि आवश्यक संख्या र पदमा सेवा करार गर्न सक्नेछ यस प्रक्रियाबाट अपुग भएका कर्मचारीहरु पुष्ट्याइको आधारमा प्रचलित नियमानुसार करार गरिनेछ ।
- करार सम्झौता कार्यक्रम संचालन गर्ने महाशाखाले तयार गरे बमोजिम हुनेछ ।

### ३.४ स्रोत व्यवस्थापन

- धरान उपमहानगरपालिकाको आन्तरिक स्रोत ।

### ३.५ उपलब्धी

- हाल संचालनमा रहेका स्वास्थ्य संस्थाहरुबाट आधारभूत स्वास्थ्य सेवाको प्रदान गरिएको हुनेछ

### ३.६ कार्यकम अवधी

- यो कार्यक्रमको अवधि आ.व. २०८१/०८२ हुनेछ।

माथि उल्लेखित कार्यक्रमहरुका लागि आवश्यक पर्ने जनशक्ति/ अस्थायी दरबन्दी तथा अनुमानित बजेट

| | | | | | | |
|---|---|---|---|---|---|---|
| धरान उपमहानगरपालिकाको सामाजिक सुरक्षा तथा व्यक्तिगत | | | | | | |
| | घटना दर्ता व्यवस्थापन सूचना प्रणाली सुदृढिकरण कार्यक्रम | | | | | |
| क स | विवरण | संख्या | महिना | दर रु. | जम्मा | कैफियत |
| १ | एम आइ एस अपरेटर | १ | १३ | ३४७०० | ४५११०० | |
| २ | फिल्ड सहायक | १ | १३ | ३२९०० | ४२७७०० | |
| ३ | सूचना प्रविधि सहायक | १४ | १३ | ३२९०० | ५९८७८०० | |
| ४ | खाजा खर्च | १६ | १२ | ३२५० | ६२४००० | |
| ५ | महङगी भत्ता | १६ | १२ | २००० | ३८४००० | |
| ६ | अनुगमन मूल्यांकन र प्रतिवेदन | | ४ | १०००० | ४०००० | ४ पटक |
| ७ | पोषाक | १६ | १ | १०००० | १६०००० | |
| | जम्मा | | | | ७९१४६०० | |
| अव्यवस्थित बस्तिहरुमा घर नं वितरण (सुकुम्बासी व्यवस्थापन) कार्यक्रम | | | | | | |
| १ | विवरण | संख्या | महिना | दर रु. | जम्मा | कैफियत |
| २ | अमिन | २ | १३ | ३२९०० | ४२७७०० | |
| ३ | असिस्टेन्ट सब इन्जिनियर | २ | १३ | ३२९०० | ४२७७०० | |
| ४ | खाजा खर्च | ४ | १२ | ३२५० | १५६००० | |
| ५ | महङगी भत्ता | ४ | १२ | २००० | ९६००० | |
| ६ | खाजा खर्च | ६ | १२ | ३२२५ | २३२२०० | |
| ७ | पोषाक | ४ | १ | १०००० | ४०००० | |
| | जम्मा रु. | | | | ११०७४०० | |
| धरान उपमहानरपालिका अन्तरगत स्वास्थ्य सेवा केन्द्र, शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र | | | | | | |
| एवं शहरी स्वस्थस्थ केन्द्र संचालन कार्यक्रम | | | | | | |
| १ | विवरण | संख्या | महिना | दर रु. | जम्मा | कैफियत |
| २ | स्वस्थ्य सेवा तेस्रो तह | ६ | १३ | ३०००० | २३४०००० | |
| ३ | स्वस्थ्य सेवा चौथो, तह | १३ | १३ | ३२९०० | ५५६०१०० | |
| ४ | स्वास्थ्य सेवा पाचौ तह | ४ | १३ | ३४७०० | १८०४४०० | |
| ५ | स्वस्थ्य सेवा सातौ तह | १ | १३ | ४६००० | ५९८००० | |
| ६ | प्रशासन सहायक चौथो | १ | १३ | ३२९०० | ४२७७०० | |
| ७ | खाजा खर्च | २५ | १२ | ३२५० | ९७५००० | |
| ८ | महङगी भत्ता | २५ | १२ | २००० | ६००००० | |
| ९ | पोषाक | २५ | १ | १०००० | २५०००० | |
| | जम्मा रु. | | | | ११७०५२०० | |
| | कुल जम्मा | | | | २०७२७२०० | |

अनुसूची

(बुँदा १.३ सगँ सम्बन्धित करार सम्झौताको ढाँचा)

**करारसम्झौता**

धरान उपमहानरपालिका नगरकार्यपालिकाको कार्यालय यस पछि पहिलो पक्ष भनिएको र जिल्ला ............ गा पा/ न पा ............... बस्ने .....................बर्ष ................. यसपछी दोस्रो पक्ष भनिएको बीच धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको ....................... पदमा (सहायक स्तर .......... तह) रहि धरान उपमहानगरपालिकको मिति २०८१/ / को निर्णय अनुसार देहायको सर्त र कार्यको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाइ सेवा उपलब्ध गराउन सहमत भएकोले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं।

१. **कामकाज सम्बन्धमा:** धरान उंपमहानरपालिका नगर कार्यपालिकको कार्यालय साथै मतहतका वडा कार्यालयहरुमा समामाजिक सुरक्षा भत्ता नविकारण (बायोमेट्रिक प्रणालीको प्रयोग श्रावण र भाद्र महिना सम्म) र त्यस पश्चात व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यालाइ व्यवस्थित गर्न VERSP-MIS प्रणालीमा. व्यक्तिगत घटना दर्ता किताबको अभिलेख डीजिटाइजेसन कार्य पहिलो पक्षले तोकेको समय स्थानमा कार्य गर्नुपर्नेछ ।

- यसका लागि सामाजिक समाजिक सुरक्षा तथा पञ्जिकरण शाखा र सम्बन्धित वडा कार्यालय मार्फत दोस्रो पक्षले डिजिटाइजेसन कार्यकालागि VERSP-MIS प्रणालीको युजर नेम र पासवर्ड प्राप्त गर्नेछन ।
- दोस्रो पक्षले प्रत्येक महिना औसत कम्तीका २००० डाटा VERSP-MIS प्रणालीमा इन्ट्रि गर्नुपर्ने । यस प्रयोजनको लागि प्रत्येक तीन महिनामा दोस्रो पक्षले आफुले प्रयोग गरेको युरज नेम र पासवर्ड बाट इन्ट्रि गरेको डाटाको संख्या प्रतिवेदन सम्बन्धित पञ्जिकाधिकारी वा एम आइ एस अपरेरट मार्फत पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ ।
- प्रत्येक तीन महिनामा दोस्रो पक्षले गरेको कार्य अनुगमन प्रतिवेदन र समिक्षा पहिलो पक्षले गर्ने छ।

२. **काम गर्नुपर्ने स्थान** ............................................................ ।

३. **करार सेवा अवधि:** २०८१।०४।०१ देखि २०८२ असार मसान्त सम्म।

४. **अन्य सेवा सुविधा:** स्थायी कर्मचारीले पाए सरह पोशाक भत्ता, चाडपर्व खर्च, महंगी भत्ता र कार्यालयको दैनिक हाजिरको आधारमा रु. १२५/- का दरले हाजिर भएको दिनको खाजा भत्ता उपलब्ध गराइने छ।

५. **आचरणको पालना:** दोस्रो पक्षले धरान उपमहानगरपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि नियमहरु पालना गर्नुपर्नेछ।

६. **बिदा:**दोश्रो पक्षले सार्वजनिक बिदाबाहेक६ दिन पर्व बिदा, ६ दिन भैपरि आउनेबिदा र १२ दिन बिरामी बिदा पाउनेछन्। साथै नियमानुसार किरिया विदा १५ दिन र प्रसुती/प्रसुती स्याहार विदा १५ उपलब्ध गराइनेछ। बिदा संचित हुने छैन संचित बिदा वापत थप सेवा सुविधा पाउने छैन ।

७. **कार्यालयको सम्पत्ती सुरक्षा:** दोस्रो पक्षले कार्यालयको सम्पत्तिको नोक्सानि वा हिनामिना गरेमा क्षतिपूर्ति वा हानि नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाइ दिनु पर्नेछ।

८. **गोप्यता** : दोस्रो पक्षले पहिलो पक्षको अनुमती बिना कार्यालयको सूचना कागजपत्र जिन्सी समान एवं अन्य बस्तु अनधिकृत व्यक्तिलाइ उपलब्ध गराएको प्रमाणीत भएमा पहिलो पक्षले दोस्रो पक्षको सेवा करार रद्द गर्नेछ र विगो बमोजिम असुल उपर समेत गरि कालो सूचिमा राखेछ ।

९. **कामकोमुल्याकंन:** पहिलो पक्षले निरन्तर रुपमा दोस्रो पक्षको कामको मुल्याकंन गर्ने छ ।

१०. **पारिश्रमिक कट्टि र सेवा करार सर्तको अन्त्य** :दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपल्बध नगराएकमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कटा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो संम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन्। दोश्रो पक्षले शारीरिकरुपमा अस्वस्थ्य भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ।

११. **दावी नपुग्ने** : दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा कुनै अस्थायी वा स्थायी नियुक्तिका लागि दावी गर्न पाउने छैन/ गर्ने छैन।

१२. **प्रचलित कानून बमोजिम हुने:**यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलिक कानून बमोजिम हुनेछ।

**धरान उपमहानगरपालिकाको तर्फबाट**

हस्ताक्षर :

नाम :

पद :

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**

हस्ताक्षर :

नाम :

पद :

अनुसूची

(बुँदा २.३ सगँ सम्बन्धित करार सम्झौताको ढाँचा)

**करारसम्झौता**

धरान उपमहानरपालिका नगरकार्यपालिकाको कार्यालय यस पछि पहिलो पक्ष भनिएको र जिल्ला ............ गा पा/ न पा ............... बस्ने .....................बर्ष ................. यसपछी दोस्रो पक्ष भनिएको बीच धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको ........................ पदमा (सहायक स्तर .......... तह) रहि धरान उपमहानगरपालिकको मिति २०८१/ / को निर्णय अनुसार देहायको सर्त र कार्यको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाइ सेवा उपलब्ध गराउन सहमत भएकोले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं।

१. **कामकाज सम्बन्धमा:**ओ.पि.डि. सेवा सञ्चालन गर्ने, टोल तथा विद्यालय सचेतना कार्यक्रम सञ्चालन गर्ने, बाल स्वास्थ्य, मातृ तथा नवजन शिशु स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने, परिवार नियोजन सम्बन्धी कार्य गर्ने, सर्ने तथा नसर्ने रोगहरुको रोकथाम तथा उपचार सम्बन्धी कार्य, पोषण सम्बन्धी सेवा दिने, आफूले गरेको कामको अभिलेख व्यवस्थापन तथाशत प्रतिसत प्रगतिहासील गरी प्रतिवेदन गर्ने कार्य गर्ने ।

२. **काम गर्नुपर्ने स्थान** ............................................................... ।

३. **करार सेवा अवधिः** २०८१।०४।०१ देखि २०८२ असार मसान्त सम्म।

४. **अन्य सेवा सुविधाः** स्थायी कर्मचारीले पाए सरह पोशाक भत्ता, चाडपर्व खर्च, महंगी भत्ता र कार्यालयको दैनिक हाजिरको आधारमा रु. १२५/- का दरले हाजिर भएको दिनको खाजा भत्ता उपलब्ध गराइने छ।

५. **आचरणको पालनाः** दोस्रो पक्षले धरान उपमहानगरपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि नियमहरु पालना गर्नुपर्नेछ।

६. **बिदा:**दोश्रो पक्षले सार्वजनिक बिदाबाहेक६ दिन पर्व बिदा, ६ दिन भैपरि आउनेबिदा र १२ दिन बिरामी बिदा पाउनेछन्।साथै नियमानुसार किरिया विदा १५ दिन र प्रसुती/प्रसुती स्याहार विदा १५ उपलब्ध गराइनेछ।बिदा संचित हुने छैन संचित बिदा वापत थप सेवा सुविधा पाउने छैन ।

७. **कार्यालयको सम्पत्ती सुरक्षाः** दोस्रो पक्षले कार्यालयको सम्पत्तिको नोक्सानि वा हिनामिना गरेमा क्षतिपूर्ति वा हानि नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाइ दिनु पर्नेछ।

८. **गोप्यता :** दोस्रो पक्षले पहिलो पक्षको अनुमती बिना कार्यालयको सूचना कागजपत्र जिन्सी समान एवं अन्य बस्तु अनधिकृत व्यक्तिलाइ उपलब्ध गराएको प्रमाणीत भएमा पहिलो पक्षले दोस्रो पक्षको सेवा करार रद्द गर्नेछ र विगो बमोजिम असुल उपर समेत गरि कालो सूचिमा राखेछ ।

९. **करारको अवधिः** यो करारको हुनेछ।

१०.**कामकोमुल्याकंन:** पहिलो पक्षले निरन्तर रुपमा दोस्रो पक्षको कामको मुल्याकंन गर्ने छ ।

११.**पारिश्रमिक कट्टि र सेवा करार सर्तको अन्त्य** :दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएकमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कटा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन्। दोश्रो पक्षले शारीरिकरुपमा अस्वस्थ्य भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ।

१२.**दावी नपुग्ने :** दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा कुनै अस्थायी वा स्थायी नियुक्तिका लागि दावी गर्न पाउने छैन/ गर्ने छैन।

१३.**प्रचलित कानून बमोजिम हुनेः**यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलिक कानून बमोजिम हुनेछ।

**धरान उपमहानगरपालिकाको तर्फबाट :**

हस्ताक्षर :

नाम

पद :

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**

हस्ताक्षर :

नाम :

पद :

अनुसूची

(बुँदा ३.३ सगँ सम्बन्धित करार सम्झौताको ढाँचा)

**करारसम्झौता**

धरान उपमहानरपालिका नगरकार्यपालिकाको कार्यालय यस पछि पहिलो पक्ष भनिएको र जिल्ला ............. गा पा/ न पा ................ बस्ने ......................वर्ष .................. यसपछी दोस्रो पक्ष भनिएको बीच धरान उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको ......................... पदमा (सहायक स्तर ........... तह) रहि धरान उपमहानगरपालिकको मिति २०८१/ / को निर्णय अनुसार देहायको सर्त र कार्यको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाइ सेवा उपलब्ध गराउन सहमत भएकोले यो करार सम्झौता गरी एक/एक प्रति आपसमा बुझी लियौं/दियौं।

१. **कामकाज सम्बन्धमा:**
   - अव्यवस्थित बस्तीहरुमा रहेका/ बनेका संरचनाको पहिचान गर्ने साथै तथ्याकं संकलन गर्ने ।
   - अव्यसस्थित निर्माण संरचनालाई मापदण्ड भित्र ल्याई घर नम्बर वितरण गर्ने तथा अव्यवस्थित संरचनाहरुको अभिलेखिकरण गर्ने र अव्यवस्थित संरचनाहरुलाई करको दायरामा ल्याउने ।
   - राष्ट्रिय भूमिआयोग अन्तर्गतको अव्यवस्थित बसोबासी तथा सुकुम्बासी व्यवस्थापन सम्बन्धी कार्यलाई सहयोग गर्ने ।
   - भवन संरचना निर्माण सम्बन्धि कानुनको पालना गराउने ।

२. **काम गर्नुपर्ने स्थान** :............................................................ ।

३. **करार सेवा अवधिः** २०८१।०४।०१ देखि २०८२ असार मसान्त सम्म।

४. **अन्य सेवा सुविधाः** स्थायी कर्मचारीले पाए सरह पोशाक भत्ता, चाडपर्व खर्च, महंगी भत्ता र कार्यालयको दैनिक हाजिरको आधारमा रु. १२५/- का दरले हाजिर भएको दिनको खाजा भत्ता उपलब्ध गराइने छ।

५. **आचरणको पालनाः** दोस्रो पक्षले धरान उपमहानगरपालिकाको प्रचलित कानुनमा व्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धि नियमहरु पालना गर्नुपर्नेछ।

६. **बिदाः**दोश्रो पक्षले सार्वजनिक बिदाबाहेक६ दिन पर्व बिदा, ६ दिन भैपरि आउनेबिदा र १२ दिन बिरामी बिदा पाउनेछन्। साथै नियमानुसार किरिया विदा १५ दिन र प्रसुती/प्रसुती स्याहार विदा १५ उपलब्ध गराइनेछ। बिदा संचित हुने छैन संचित बिदा वापत थप सेवा सुविधा पाउने छैन ।

७. **कार्यालयको सम्पत्ती सुरक्षाः** दोस्रो पक्षले कार्यालयको सम्पत्तिको नोक्सानि वा हिनामिना गरेमा क्षतिपूर्ति वा हानि नोक्सानीको विगो दोस्रो पक्षले पहिलो पक्षलाइ दिनु पर्नेछ।

८. **गोप्यता** : दोस्रो पक्षले पहिलो पक्षको अनुमती बिना कार्यालयको सूचना कागजपत्र जिन्सी समान एवं अन्य बस्तु अनधिकृत व्यक्तिलाइ उपलब्ध गराएको प्रमाणीत भएमा पहिलो पक्षले दोस्रो पक्षको सेवा करार रद्द गर्नेछ र विगो बमोजिम असुल उपर समेत गरि कालो सूचिमा राखेछ ।

९. **करारको अवधिः** यो करारको हुनेछ।

१०. **कामकोमुल्याकंनः** पहिलो पक्षले निरन्तर रुपमा दोस्रो पक्षको कामको मुल्याकंन गर्ने छ ।

११. **पारिश्रमिक कट्टि र सेवा करार सर्तको अन्त्य** :दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपल्बध नगराएकमा वा सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहीले कटा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संम्झौता पहिलो पक्षले रद्द गरी अर्को व्यवस्था गर्न बाधा पर्ने छैन्। दोश्रो पक्षले शारीरिकरुपमा अस्वस्थ्य भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको सम्झौता रद्द गर्न सक्नेछ।

१२. **दावी नपुग्ने** : दोस्रो पक्षले यस करार बमोजिम काम गरेको आधारमा कुनै अस्थायी वा स्थायी नियुक्तिका लागि दावी गर्न पाउने छैन/ गर्ने छैन।

१३. **प्रचलित कानून बमोजिम हुनेः**यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलिक कानून बमोजिम हुनेछ।

धरान उपमहानगरपालिकाको तर्फबाट :

हस्ताक्षर :

नाम :

पद :

**दोस्रो पक्ष (करार गर्ने व्यक्ति)**

हस्ताक्षर :

नाम :

पद :

## मापंदण्ड तथा नामाकरण भएका बाटाहरुको विवरण

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | बाटो दर्ता निर्णय मिति | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|---|
| १ | कमल कुमार लिम्बु समेत ४जना | १५ | २०८०।१२।२३ | भ्याली रोड लुप | २० फिट | भ्याली रोड | पश्चिम तर्फ ३८मीटर सम्म । |
| २ | उर्मीला राई समेत २जना | १५ | २०८०।१२।२३ | कन्चन लाईन लुप"ग" | १४ फिट | कन्चन लाईन देखी | कि.नं.१०१०१को पश्चिम दक्षिण कुना सम्म |
| ३ | दुर्गा कुमारी उपाध्याय समेत ७जना | १६ | २०८१।०१।०७ | उन्नती मार्ग | १४ फिट | कि.नं.९०६३को ठाडो भाग १७मीटर देखी | कि.नं.८३७०को दक्षिण कुना १७मीटर सम्म जम्मा ३४मि.सम्म |
| ४ | सुनिल निरौला समेत ५जना | १४ | २०८१।०१।१३ | कोषराज मार्ग | २० फिट | कि.नं.१३७४,१३७५,१४८४,१४८५(पन्चकन्या पथ)देखी | कि.नं.१३६२,१३५७,१३६०,१३३६सम्म |
| ५ | हेमन्त माबुहाङ्ग समेत ६जना | ११ | २०८१।०१।३१ | सुधासागर मार्ग (निरन्तर) | २० फिट | सुधासागर मार्ग | पश्चिम बन्द |
| ६ | ललित बहादुर लिम्बु समेत ६जना | १७ | २०८१।२।०३ | फोम्बो मार्ग | २० फिट | चतरा मार्ग देखी | फोम्बो आवाजुङ लिम्बु कल्याणकारी समाजको भवन सम्म । |
| ७ | सुमन सारु मगर समेत ६जना | ६ | २०८१।०२।१४ | बुद्ध मार्ग | २० फिट | प्रगति मार्ग | पूर्व गई दक्षिण तर्फ कि.नं.९६३सम्म |
| ८ | तुला कुमारी तामाङ्ग समेत ७जना | १९ | २०८१।०२।२३ | सयपत्री मार्ग लुप | १४ फिट | सयपत्री मार्ग देखी | कि.नं.२७६६को पूर्व कुना सम्म मात्र । |
| ९ | उज्जवल तामाङ्ग समेत४जना | १९ | २०८१।०३।१९ | वनेम मार्ग (निरन्तर) | १४ फिट | वनेम मार्ग देखी | पूर्ब बन्द सम्म |
| १० | यसोदा दाहाल समेत५जना | १७ | २०८१।०३।२५ | भोज मार्ग | २० फिट | हुलाकी मार्ग देखी | कि.नं.१०९२९को उत्तर पूर्व कुना सम्म |